# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, फागुन १९ गते, २०७५ साल (अतिरिक्ताङ्क ३७


## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७५ को ऐन नं. २८

## केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: प्रचलित नेपाल ऐनमा समसामयिक सुधार गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५" रहेको छ।

गल्ती वा त्रुटी सच्याउन सम्बन्धित संस्था वा निकायमा लेखी पठाउन सक्नेछ।"

१९. <u>नगर विकास कोष ऐन, २०५३ मा संशोधन:</u> नगर विकास कोष ऐन, २०५३ को,-

(१) दफा १४ को उपदफा (२) को,-

(क) खण्ड (क), (ग) र (घ) को सट्टा देहायका खण्ड (क), (ग) र (घ) राखिएका छन्:-

"(क) सचिव, सहरी विकास मन्त्रालय -अध्यक्ष

(ग) प्रतिनिधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) -सदस्य

(घ) नगरपालिकाका प्रमुख वा उपप्रमुखहरूमध्येबाट प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनयन गरेका कम्तीमा तीन जना महिला सहित सातजना -सदस्य"

(ख) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ:-

"(ङ१) समावेशिताको आधारमा नगर विकास सम्बन्धी विज्ञता भएका व्यक्तिहरु मध्येबाट मन्त्रालयले तोकेको कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य"

(२) दफा ३३ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) कोष कायम राख्न आवश्यक छैन भन्ने नेपाल सरकारले ठहऱ्याएमा।"

(३) दफा ३५ मा रहेका "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सहरी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

२०. <u>भवन ऐन, २०५५ मा संशोधनः</u> भवन ऐन, २०५५ को,–

(१) दफा ३ को उपदफा (२) को,—

(क) खण्ड (क) मा रहेका "भौतिक योजना तथा निर्माण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सहरी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (च) मा रहेका "स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।